"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३।०८४

चलानी नं. :

मिति : २०८३।०५।०१
ने.स. ११४६ गुँलाथ्व ०५, सोमवार

**सूचना नं : १७**

**मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार खर्चको नवीकरण सम्बन्धी सूचना !**

प्रस्तुत विषयमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८/१२/१३ मा स्वीकृत मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार खर्च उपलब्ध गराउने सम्वन्धि कार्यविधि , २०७८ बमोजिम प्रत्येक आ.व को सुरुमा लाभग्राहीहरुले सम्वन्धित वडा कार्यालयमा नवीकरण गर्नुपर्ने व्यवस्था भएकाले आ व २०८२/८३ मा यस विहादी गाउँपालिकाबाट औषधि उपचार खर्च लिएका र उक्त कार्यविधि अनुसार चालु आर्थिक वर्षमा औषधि उपचार खर्च पाउनुपर्ने लाभग्राहीहरु मध्ये हालसम्म पनि नविकरण नगर्नुभएका लाभग्राहीहरुले तपशिल बमोजिमको कागजात सहित सम्बन्धित वडा कार्यालयमा नविकरण गरि वडा कार्यालयबाट प्रमाणित कागजात यो सूचनाको मितिले ७ (सात) दिनभित्र विहादी गाउँ कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखामा बुझाउनु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपशिल**

१) नविकरणको लागि सम्बन्धित बिरामीको निवेदन
२) बिरामीको नागरिकताको प्रतिलिपि, बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि
३) मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएको प्रमाणित कागजात
४) क्यान्सर रोग पहिचान भई उपचार पछि निको भईसकेको क्यान्सर रोगिको हकमा ३/३ महिना भित्र निरन्तर निगरानीमा ( Close Follow Up ) रहेको खुलेको कागजात
५) मेरुदण्ड पक्षघातको हकमा अपांगता सम्बन्धी प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपि
६) अनुसूची १ बमोजिमको चिकित्सकको सिफारिस
७) अनुसूची २ बमोजिमको वडाबाट प्रमाणित पत्र
८) वडा कार्यालयबाट औषधि उपचार खर्चको सिफारिस पत्र
९) बिरामीको बैंक खाता रहेको चेकको प्रतिलिपि